जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९६ २०८२ साल फागुन २५ गते सोमबार (9 Mar2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अन्तरराष्ट्रिय महिला दिवस : ... ३ पृष्ठमा : 'महिलाको अर्थपूर्ण ... ३ पृष्ठमा : अमेरिकी सैन्य कारबाहीमा ...

# सप्तरीको चार वटै क्षेत्रमा रास्वपाको "क्लिन स्वीप"

# मधेशवादी दलका दुई अध्यक्ष फराकिलो मतान्तरले पराजित



**पुष्पा चौधरी**
प्रतिनिधिसभा सदस्य, क्षेत्र नं. १



**रामजी यादव**
प्रतिनिधिसभा सदस्य, क्षेत्र नं. २



**अमरकान्त चौधरी**
प्रतिनिधिसभा सदस्य, क्षेत्र नं. ३



**सीताराम साह**
प्रतिनिधिसभा सदस्य, क्षेत्र नं. ४

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरीको चार वटै क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का उम्मेदवारहरु फराकिलो मतान्तरले बिजयी भएका छन् ।

जिल्लाको क्षेत्र नं. १ बाट रास्वपाका पुष्पा चौधरी, क्षेत्र नं. २ बाट रामजी यादव, क्षेत्र नं. ३ बाट डा. अमरकान्त चौधरी र क्षेत्र नं. ४ बाट सीताराम साह फराकिलो मतान्तरले बिजयी भएका हुन् ।

शनिबार साँझ क्षेत्र नं. ४ को मतपरिणाम सार्वजनिक भएपनि बाँकी तीनै वटा क्षेत्रको अन्तिम मतपरिमाण आइतबार दिउँसो सार्वजनिक गरिएको हो । तीनै क्षेत्रमा रास्वपाकै उम्मेदवारहरु अग्रस्थानमा थिए ।

घोषित परिणाम अनुसार क्षेत्र नं. १ मा रास्वपाकी पुष्पा चौधरीले ३८ हजार १ सय ९५ मत ल्याई निर्वाचित भइन् । उनका निकटत्तम प्रतिद्वन्दी स्वाभिमान पार्टीका सुमित साहले ७ हजार ८ सय ४७ मत प्राप्त गरे । यस्तै नेकपा एमालेका सुमनराज प्याकुरेल ७ हजार ६ सय ५२ तथा नेपाली काँग्रेसका जिल्ला सभापति समेत रहेका रामदेव साहले ६ हजार ९ सय ९४ र जनमत पार्टीका जयकान्त राउतले ४ हजार ८ सय ३३ मत प्राप्त गरि क्रमशः तेश्रो, चौथो र पाँचौं स्थानमा रहे । सोही क्षेत्रबाट जसपा नेपालका श्यामसुन्दर सरदारले २ हजार ५ सय ५८ र नेकपाका रबिन्द्र चौधरीले १ हजार ६ सय २६ मत ल्याई छैंठो र सातौं स्थानमा रहेका छन् ।

क्षेत्र नं. २ मा रास्वपाका रामजी यादवले २८ हजार ४ सय ४ मत ल्याई निर्वाचित हुँदा उनका निकटत्तम प्रतिद्वन्दी जसपा नेपालका उमेश कुमार यादवले १४ हजार २ सय ६३ मत प्राप्त गरे । यसअघिको निर्वाचनमा बिजयी भएका जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले ९ हजार ८ सय ८० मत ल्याई तेश्रो स्थानमा सीमित रहे । यस्तै पूर्व मुख्यमन्त्री सतिश कुमार सिंहले ३ हजार ५ सय ५७, नेपाली काँग्रेसका जिल्ला उपसभापति समेत रहेका रामकुमार यादवले २ हजार ४ सय ९८, राष्ट्रिय निर्माण दलका अफरोज आलमले १ हजार १ सय २०, नेकपा एमालेका मो. जियाउल रहमानले ८ सय ८३ तथा नेकपाका सूर्यनाथ प्रसाद यादवले ४ सय २६ मत ल्याएका छन् ।

क्षेत्र नं. ३ मा रास्वपाका अमरकान्त चौधरीले ३२ हजार ८ सय ७५ मत प्राप्त गरी बिजयी भए भने निकटत्तम प्रतिद्वन्दी जसपा नेपालका अध्यक्ष समेत रहेका उपेन्द्र यादवले १५ हजार २ सय ३९ मत मै सिमित रहे । सोही क्षेत्रबाट यसअघि निर्वाचित भएका नेपाली काँग्रेसका दिनेश कुमार यादवले ८ हजार ४ सय २८ मत ल्याई तेश्रो स्थानमा रहे भने नेकपा एमालेका जिल्ला अध्यक्ष समेत रहेका ताराकान्त चौधरीले ६ हजार ७ सय १५ मत ल्याई चौथो स्थानमा चित्त बुझाएका छन् । जनमत पार्टीका सुरेन्द्र प्रसाद शर्माले २ हजार ८ सय ६९, नेकपाका अरुण कुमार साहले १ हजार ६ सय ३५ मत ल्याएका छन् ।

क्षेत्र नं. ४ मा रास्वपाकै सीताराम साहले ३६ हजार ४ सय १२ मत प्राप्त गरी निर्वाचित भएका छन् भने उनका निकटत्तम प्रतिद्वन्दी नेपाली काँग्रेसका प्रत्यासी तेजुलाल चौधरीले १३ हजार १ सय ३ मत मात्र ल्याए । जसपा नेपालकी बबि सिंह यादवले १० हजार २ सय ८०, नेकपाकी रुबी कुमारी कर्णले १ हजार ७ सय ९ मत ल्याई क्रमशः तेश्रो र चौथो स्थानमा रहे । नेकपा एमालेका गंगाप्रसाद चौधरीले १ हजार १ सय ७७, जनमत पार्टीका जितेन्द्र कुमार साहले ९ सय ९५ मत प्राप्त गरे ।

यता निर्वाचनमा मधेशवादी दलका दुई अध्यक्षदेखी पूर्व मुख्यमन्त्री सम्म आ-आफ्नो निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारसँग फराकिलो मतान्तरले पराजित भए ।

सप्तरीको क्षेत्र नं. २ मा उम्मेदवार रहेका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत तेश्रो स्थानमा रही रास्वपाका रामजी यादवसँग १८ हजार ५ सय २४ मतको अन्तरले पराजित भए । यस्तै पूर्वमुख्यमन्त्री सतिश कुमार सिंह रास्वपाका रामजी यादवसँग २४ हजार ८ सय ४७ मतले पराजित भए ।

यस्तै क्षेत्र नं. ३ मा उम्मेदवार रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव १७ हजार ६ सय ३६ मतले रास्वपाका डा. अमरकान्त चौधरीसँग पराजित भए ।

यस्तै लगातार तीन पटक संसदीय निर्वाचन जितेर ह्याट्रिक लगाइसकेका पूर्व मन्त्री तेजुलाल चौधरी क्षेत्र नं. ४ मा विगतमा एउटै पार्टीमा रहेका रास्वपाका सीताराम साहसँग २३ हजार ३ सय ९ मतले पराजित भए ।

## को-को भए पराजित

- क्षेत्र नं. १ मा उम्मेदवार रहेका नेपाली काँग्रेसका जिल्ला सभापति रामदेव साह, नेकपा एमालेका नेता सुमनराज प्याकुरेल, जनमत पार्टीका डा. जयकान्त राउत पराजित
- क्षेत्र नं. २ मा उम्मेदवार रहेका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउत, पूर्वमुख्यमन्त्री सतिश कुमार सिंह, जसपाका नेता एवं पूर्वमन्त्री उमेश कुमार यादव, नेपाली काँग्रेसका जिल्ला उपसभापति रामकुमार यादव पराजित
- क्षेत्र नं. ३ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, नेपाली काँग्रेसका दिनेश कुमार यादव, नेकपा एमालेका जिल्ला अध्यक्ष ताराकान्त चौधरी पराजित
- क्षेत्र नं. ४ मा लगातार तीन पटक संसदीय निर्वाचन जितेर ह्याट्रिक लगाइसकेका पूर्व मन्त्री तेजुलाल चौधरी, जसपाका बबि सिंह यादव पराजित

**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।
❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### रास्वपामाथी जनताको आश

मुलुकमा जेनजी आन्दोलन पश्चात् भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाले ऐतिहासिक बिजयी हासिल गरेको छ । झण्डै दुई तिहाई बहुमतको नजिक रहेको रास्वपाले एकल सरकार बनाउने भएको छ । रास्वपाले सरकार बनाउन अब कसैको सहयोग लिनुपर्ने अवस्था देखिएको छैन् । झण्डै तीन दशकपछी मुलुकमा कुनै पनि पार्टीले एकल बहुमतको सरकार बनाउन लागेको हो । रास्वपाको ऐतिहासिक बिजयीले अब मुलुकमा राजनीतिक स्थिरता पाउने भएको छ । भ्रष्टाचार उन्मुलन र स्थिर सरकार लगायतको माग गर्दै गत भदौं २३ गते युवाहरुले आन्दोलन गरेर तत्कालिन केपी शर्मा ओली नेतृत्वको सरकार २४ घण्टैमा ढालेको थियो । तत्कालिन सरकार ढलेको ६ महिनामै निर्वाचन सम्पन्न भई रास्वपाले नयाँ सरकार बनाउन लागेको हो ।

मुलुकमा बढेको भ्रष्टाचार उन्मुलनदेखी सुशासन कायम, बेरोजगारी समस्या समाधान गरि मुलुकमै रोजगारीको अवस्था सृजना लगायतका कयौं काम गर्ने अब बन्न लागेको सरकारको नेतृत्व गर्ने रास्वपाले आफ्नो चुनावी घोषणापत्र मार्फत सार्वजनिक गरेको थियो । जसले गर्दा बन्न लागेको नयाँ सरकारलाई नयाँ नेपालको निर्माणदेखी थुप्रै नयाँ नयाँ कामहरु गर्ने चुनौति रहेको छ । यसरी लामो समयदेखी अस्थिर सरकारका कारण मुलुकमा धेरै व्यतिथिहरु विद्यमान रहेको छ । यस्ता व्यतिथिहरुलाई समाप्त पार्न जनताको चाहना अनुसार रास्वपा नेतृत्वलाई जनादेश दिएको हो ।

जनताले दिएको पूर्ण बहुमतको सरकारले आगामी दिनमा कस्ता कामहरु गर्ने बारे उही जनताले निगरानी गर्ने कुरामा दुई मत नहोला । जनताले यस पटक ब्यालेटमार्फत कुनै एक राजनीतिक दललाई दिएको जनमतको कदर गर्न रास्वपा कतिको गम्भिर हुने कुरा समयले नै देखाउने छ । तसर्थ नेपाली जनताले यसअघि विगतमा लामो इतिहास बोकेका राजनीतिक दलहरुलाई पटक पटक सत्तामा पुऱ्याएर जनताको चाहना अनुसार काम नगरेको आरोप लगाएर सत्ताबाट बाहिर राखेर यस पटक भने रास्वपालाई देश र जनताका लागि काम गर्ने आशा र विश्वासका साथ सत्तामा पुऱ्याएको हो ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अन्तरराष्ट्रिय महिला दिवस : अन्धकारमा ज्योति बाल्न सङ्घर्षरत महिला

काठमाडौँ, २४ फागुन (रासस) ।

नेपालमा महिलाहरूमा दृष्टिविहीनताको भार पुरुषभन्दा बढी छ । अध्ययनका अनुसार पुरुषभन्दा महिलामा १.३ प्रतिशत गुणाले अन्धोपना हुनसक्ने जोखिम छ । पुरुषभन्दा महिलामा मोतियाबिन्दु, उमेर-सम्बन्धित म्याकुलर डिजेनेरेसन (एएमडी) र आँखा सुक्खा आँखा हुने समस्या बढी देखिन्छन् । महिलामा आँखाको समस्या बढी हुने भए पनि उपचारमा महिलाको पहुँच निकै कम छ ।

अनुसन्धानका नतिजाले भन्छ, "विभिन्न आर्थिक तथा सामाजिक कारणले पुरुषका तुलनामा महिलामा अन्धोपनको समस्या बढी छ । नेपालमा ४० हजार बढी दृष्टिविहीन रहेकामा झन्डै ६० प्रतिशत महिला रहेका छन् ।"

दृष्टि क्षमता कम भएका मानिसमध्ये आधाभन्दा बढी महिला नै छन् । आँखा स्वास्थ्यमा महिलाको पहुँच नहुनुमा गरिबी, जनचेतनाको कमी, यातायातको असुविधा, निर्णय लिन नसक्नु, पारिवारिक जिम्मेवारी बढी, आर्थिक परनिर्भरता हुनु आदि रहेको बताइन्छ ।

**अब्बल महिला नेतृत्वः आँखा स्वास्थ्य सेवामा प्रेरक योगदान**

स्वास्थ्य क्षेत्र विशेषगरी आँखा स्वास्थ्य सेवाको विस्तार र अन्धोपन न्यूनीकरणमा महिलाले नेतृत्व तहमा पुगेर उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन् । नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित विभिन्न आँखा अस्पतालमा कार्यरत महिला 'चिफ मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' तथा अस्पताल व्यवस्थापन समितिका महिला अध्यक्षले संस्थागत विकास, गुणस्तरीय सेवा प्रवाह, जनशक्ति उत्पादन र समुदायमा पहुँच विस्तारमा प्रेरणादायी भूमिका निर्वाह गरिरहेका छन् ।

**प्रा डा सविना श्रेष्ठ (अस्पताल व्यवस्थापन समिति अध्यक्ष, कीर्तिपुर आँखा अस्पताल)**

प्रा डा सविना श्रेष्ठ वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा बाल नेत्ररोग क्षेत्रमा विशिष्ट दक्षता हासिल गरेकी चिकित्सक हुनुहुन्छ । नेपाल नेत्रज्योति सङ्घ, कीर्तिपुर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्षका रूपमा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अस्पताल व्यवस्थापन, संस्थागत सुदृढीकरण, सेवा विस्तार र गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याइरहनुभएको छ ।

बङ्गलादेशबाट 'एमबिबीएस'को अध्ययन गर्नुभएका प्रा डा श्रेष्ठले राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा 'एमडी' तह पूरा गर्नुभएको हो । साथै बाल नेत्ररोगसम्बन्धी 'फेलोसिप' भारतको 'भेन्यु आइ इन्स्टिच्युट एन्ड रिसर्च सेन्टर'बाट हासिल गर्नुभएको छ । उहाँको नेतृत्वमा कीर्तिपुर आँखा अस्पतालले गुणस्तरीय तथा पहुँचयोग्य आँखा सेवा प्रवाहलाई प्राथमिकता दिँदै समुदायमुखी कार्यक्रम विस्तार गरेको छ ।

आँखा सेवा कार्यक्रम, आँखा शिविर, जनचेतना अभियान तथा सामुदायिक पहुँच विस्तारमा उहाँको सक्रिय सहभागिताले ग्रामीण तथा दुर्गम क्षेत्रमा आँखाको उपचार सेवा पुग्न सहयोग पुर्‍याएको छ । उहाँ भन्नुहुन्छ, "बाल नेत्ररोग तथा दृष्टि दोषसम्बन्धी समयमै पहिचान र उपचारको पहुँचमा ल्याउनुपर्छ । यसका लागि समुदाय तथा विद्यालयमा आँखा जाँचलाई थप विस्तार गरिनुपर्छ ।"

सन् २०२५ मा नेपाल नेपाल अप्थाल्मिक सोसाइटीद्वारा प्रदान गरिएको 'लाइफटाइम एचिभमेन्ट अवार्ड'सहित विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्मान उहाँले प्राप्त गर्नुभएको छ । चिकित्सा सेवासँगै साहित्य, चित्रकला र सङ्गीतमा सक्रिय रहँदै आउनुभएकी उहाँ भन्नुहुन्छ, "महिला शक्ति परिवर्तनको आधार हो । घर, कार्यस्थल र समाजमा हाम्रो समर्पण र नेतृत्वले नै उज्यालो भविष्य निर्माण गर्दछ । महिलाले अधिकारका लागि लड्नुभन्दा आफ्नो कार्यदक्षताबाट नै आफूलाई अगाडि बढाउनु पर्दछ, आउनुहोस् आत्मविश्वास र सहकार्यका साथ अघि बढौँ, दिएरै प्राप्त गर्ने सफलताको यात्रामा ।" समर्पण, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताले प्रा डा श्रेष्ठलाई नेपालमा अन्धोपन न्यूनीकरण अभियान र महिला नेतृत्वको सशक्त उदाहरणका रूपमा स्थापित गरेको छ ।

**डा सुलक्ष्मी कटुवाल (चिफ मेडिकल डाइरेक्टर, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्ज)**

डा सुलक्ष्मी कटुवाल आँखा स्वास्थ्य सेवा क्षेत्रमा अब्बल नेत्ररोग विशेषज्ञका रूपमा स्थापित हुनुहुन्छ । उहाँका अनुसार हालसम्म उहाँले करिब एक लाखभन्दा बढी शल्यक्रिया गरिसक्नुभएको छ । जसमा करिब ९१ हजार 'एसआइसीएस', पाँच हजार 'फेको', एक हजार 'अकुलोप्लास्टी' तथा तीन हजार अन्य समावेश छन् । साथै उहाँले करिब १० लाखभन्दा बढी आँखा बिरामीलाई बहिरङ्ग (ओपीडी) सेवा प्रदान गरिसक्नुभएको छ ।

दुर्गम तथा पहुँच बाहिरका समुदायमा अन्धोपन न्यूनीकरणका लागि विभिन्न शल्य शिविरहरूमा 'टिमलिडर'का रूपमा सक्रिय सहभागिता जनाउँदै आउनुभएकी उहाँले अस्पतालको विकास र व्यवस्थापनका विभिन्न चरणहरूमा अग्रणी भूमिका निर्वाह गर्दै आउनुभएको छ । उहाँ भन्नुहुन्छ, "२१औँ शताब्दी महिला सशक्तीकरणको युग हो । आज महिलाले गर्न नसक्ने कुनै क्षेत्र छैन । परिवार र समाजको विकासका लागि महिला सशक्तीकरण अपरिहार्य छ । समाजमा परिवारको साथ र समझदारीले मात्र महिला सशक्तीकरणलाई सुदृढ बनाउन सक्छ । महिला शक्तिलाई कहिल्यै पनि कम आँक्न सकिँदैन ।"

सन् १९९९ मा रुसको ट्भेर स्टेट मेडिकल युनिभर्सिटीबाट 'एमबिबीएस' अध्ययनपश्चात उहाँले सन् २००७ मा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा एमडी उपाधि हासिल गर्नुभएको थियो । सन् २०११ मा भारतको कोयम्बटोरमा फेको-इमल्सिफिकेसन तालिम तथा सन् २०१४ मा तिलगङ्गा आँखा प्रतिष्ठानबाट अकुलोप्लास्टी फेलोसिप पूरा गर्नुभएको छ । सन् २००७ मा राप्ति आँखा अस्पतालमा नेत्ररोग विशेषज्ञका रूपमा सेवा सुरुआत गर्नुभएकी डा कटुवालले 'डेपुटी मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' हुँदै सन् २०१५ देखि 'चिफ मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हालिरहनुभएको छ ।

**प्रा डा सुशीला पटेल चौधरी (चिफ मेडिकल डाइरेक्टर, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान)**

नेपाल नेत्रज्योति सङ्घ लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानकी चिफ मेडिकल डाइरेक्टर प्रा डा सुशीला पटेल चौधरी वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा कोर्निया रोग उपचारमा चिकित्सक हुनुहुन्छ ।

उहाँले हालसम्म ४० हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसक्नुभएको छ भने करिब दुई लाख बिरामीलाई उपचार सेवा प्रदान गरिसक्नुभएको छ । अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उहाँले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा १८ वैज्ञानिक लेख प्रकाशितसमेत गरिसक्नुभएको छ ।

सन् २०२४ मा बङ्गलादेशमा भएको विद्रोह क्रममा आँखामा चोटपटक लागेका बिरामीको उपचारसमेत उहाँले उल्लेखनीय भूमिका निर्वाह गर्नुभयो । उहाँ भन्नुहुन्छ, "चुनौतीपूर्ण र संवेदनशील परिस्थितिमा समेत मैले उच्च व्यावसायिक दक्षता, संयमता र मानवीय समर्पणका साथ बङ्गलादेशमै गई आँखा उपचार सेवा प्रदान गरेँ ।"

अस्पताल व्यवस्थापन, गुणस्तरीय शल्यक्रिया सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालनमार्फत समुदायमा पुर्‍याएको योगदानले उहाँलाई एक सक्षम महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ । "महिलाहरूले कार्यस्थल, घरपरिवार तथा समुदाय–सबै क्षेत्रमा पूर्ण समर्पण र अथक परिश्रमका साथ आफ्नो भूमिका निर्वाह गर्दै आएका छन्", प्राडा चौधरी भन्नुहुन्छ, "विभिन्न चुनौती र कठिनाइको सामना गर्दै निरन्तर मेहेनत र दृढताका साथ अघि बढ्दा महिलाहरूले आज कार्यस्थलमा मात्र होइन, घर र समाजमा पनि सम्मानित र प्रतिष्ठित स्थान हासिल गर्न सफल भएका छन् । महिलाको शक्ति उनको सहनशीलता, प्रतिबद्धता र निरन्तर प्रयासमा निहित छ ।"

डा चौधरीले एमबिबीएस भारतको किङ जर्ज मेडिकल कलेज, लखनउबाट र एमडी (नेत्ररोग) बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट सम्पन्न गर्नुभएको हो । कोर्निया तथा बाह्य रोगसम्बन्धी विशिष्ट फेलोसिप तालिम अरबिन्द आइकेयर सिस्टम र ऋबकभथ आइ इन्स्टिच्युटबाट हासिल गर्नुभएको हो ।

हाल लुम्बिन नेत्रविज्ञान अध्ययन संस्थानमा 'चिफ मेडिकल डाइरेक्टर'का रुपमा कार्यरत उहाँले पाँच वर्षभन्दा बढी संस्थानको शैक्षिक कार्यक्रम निर्देशकका रूपमा नेपालको आँखा उपचार जनशक्तिको उत्पादनमा महत्त्वपूर्ण योगदानसमेत पुर्‍याउनुभएको छ ।

**डा बबिता गुरुङ (मेडिकल डाइरेक्टर, हिमालय आँखा अस्पताल)**

नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पताल पोखराकी 'मेडिकल डाइरेक्टर' डा बबिता गुरुङ अनुभवी नेत्ररोग विशेषज्ञ हुनुहुन्छ । उहाँले हालसम्म करिब १७ हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसक्नुभएको छ भने करिब एक लाख ५३ हजारभन्दा बढी बिरामीलाई आँखा उपचार सेवा प्रदान गर्नुभएको छ । विभिन्न स्वास्थ्यकर्मी तथा चिकित्सकहरूलाई तालिम तथा मार्गदर्शन प्रदान गर्नुका साथै विभिन्न आँखाका शल्यक्रिया शिविरमार्फत समेत सेवा प्रवाह गर्दै आउनुभएको छ ।

अस्पताल व्यवस्थापन, गुणस्तरीय आँखा उपचार सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालनमार्फत समुदायमा पुर्‍याएको योगदानले नेत्र विशेषज्ञ डा गुरुङलाई एक अब्बल महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ ।

अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उहाँले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा विभिन्न अनुसन्धानात्मक लेखहरू प्रकाशनसमेत गरिसक्नुभएको छ । उहाँ भन्नुहुन्छ, "महिलाहरूमा समय, स्रोत, मार्गदर्शन र लगानी गर्नु घाटा होइन, समग्र समाजका लागि लाभ हो । समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक हिंसा अन्त्य, शिक्षा र आर्थिक अवसरमा समान पहुँच स्थापना गर्नु आजको आवश्यकता हो । न्यायपूर्ण समाज निर्माणमार्फत नै सबैका लागि प्रगति र समृद्धि सम्भव छ ।"

नेत्र विशेषज्ञ डा गुरुङले सन् २००१ मा बङ्गलादेशको युएसटिसीबाट 'एमबिबीएस' उपाधि हासिल गर्नुभएको हो भने सन् २००९ मा त्रिभुवन विश्वविद्यालय, बिपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्र काठमाडौँबाट 'एमडी' (नेत्ररोग) अध्ययन सम्पन्न गर्नुभएको थियो । सन् २०१५ अप्रिलदेखि जुलाइसम्म तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँमा कोर्निया तथा केराटोप्लास्टीसम्बन्धी फेलोसिप तालिमसमेत प्राप्त गर्नुभएको छ । त्यस्तै उहाँ सन् २०२२ देखि पोखरा विश्वविद्यालयको सहप्राध्यापकका रुपमा कार्यरत हुनुहुन्छ ।

सन् २००९ देखि हिमालय आँखा अस्पताल, पोखरामा कार्यरत रहँदै आउनुभएको छ । आकस्मिक सेवा तथा शल्यक्रिया शिविर व्यवस्थापन विभाग प्रमुख, डेपुटी मेडिकल डाइरेक्टर हुँदै उहाँले ६ फेब्रुअरी २०२५ देखि 'मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हाल्नुभएको हो ।

**डा पुष्पा गिरी (चिफ मेडिकल डाइरेक्टर भरतपुर आँखा अस्पताल)**

*बाँकी तीन पृष्ठमा*

# ‘महिलाको अर्थपूर्ण उपस्थितिका लागि शिक्षा, स्वास्थ्यमा लगानी बढाउनुपर्छ’

काठमाडौँ, २४ फागुन (रासस)।

महिला अधिकारकर्मीहरुले महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन्। ११६औँ अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा आइतबार प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा सहभागीहरूले मुलुक निर्माणमा महिला सहभागिता अर्थपूर्ण बनाउन राज्यले अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा सहभागी महिला तथा मानव अधिकारकर्मीले महिला सशक्तिकरणका लागि आर्थिक, शैक्षिक, सामाजिकलगायत पक्षमा महिला सक्षम हुनुपर्ने भएकाले राज्य र सरोकार भएका निकायले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पर्याप्त लगानी वृद्धि गरी अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन्।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाहरू अझै पनि अवसरबाट वञ्चित रहेका उदाहरण दिँदै चेतना र मानव जागरणका लागि सबैको सहकार्य र समन्वयमा अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो। उहाँले कानुन निर्माण गरेर मात्रै समानता सुनिश्चित नहुने बताउँदै कार्यान्वयनको पक्षमा राज्यले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले तुलनात्मक रूपमा महिलाको क्षमता र पहुँचमा विकास भए पनि हिंसा, असमानता र अमानवीय क्रुरताबाट अझै पीडित रहेको बताउनुभयो। महिला समानता शब्दमा मात्र सीमित नराखी नीतिमा स्पष्टता आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

“समाजमा दुई महिनाकी बच्चीदेखि ८० वर्षकी आमासमेत सुरक्षित छैनन्”, उहाँले भन्नुभयो, “महिला सशक्तिकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्छ। प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नु, चेतनाकोस्तर वृद्धिका लागि अभियान पनि सँगसँगै सञ्चालन गर्नुपर्छ।”

महिला अधिकारकर्मी चाँदनी जोशीका अनुसार घरमा महिलाले परिवार सम्हाल्नसक्नु भनेको मुलुकका लागि सहजनशक्ति निर्माण गर्न योगदान दिनु हो भन्नुभयो। “गृहणी भएर परिवारको जिम्मेवारी महिलाले उठाइदिँदा महिलाले राज्य निर्माण सहयोग गरिरहेका हुन्छन्। यसलाई संस्थागत मान्यता दिन जरुरी छ”, उहाँले भन्नुभयो। उहाँले राज्यले महिलामाथि अपेक्षा गरेअनुसारको लगानी पनि गर्न आवश्यक रहेको बताउनुभयो।

---

## *अन्तरराष्ट्रिय महिला ...*

नेपाल नेत्रज्योति सङ्घ भरतपुर आँखा अस्पतालकी ‘चिफ मेडिकल डाइरेक्टर’ ‘एसोसिएट प्रोफेसर’ डा पुष्पा गिरी नेत्ररोग विशेषज्ञ हुनुहुन्छ। उहाँले हालसम्म २० हजारभन्दा बढी दृष्टि पुनःस्थापना गर्ने शल्यक्रिया सम्पन्न गर्नुभएको छ भने एक लाखभन्दा बढी बिरामीलाई बहिरङ्ग (ओपिडी) सेवा प्रदान गरिसक्नुभएको छ। एक सयभन्दा बढी शल्यक्रिया शिविर सञ्चालन तथा सहभागितामार्फत पाँच हजारभन्दा बढी ग्रामीण बासिन्दालाई दृष्टि प्रदान गर्नुका साथै हजारौँ बिरामीलाई उपचार सेवा उपलब्ध गराइसक्नुभएको छ।

आँखा उपचार सेवाका साथै उहाँ अनुसन्धान क्षेत्रमा समेत सक्रिय रहँदै राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा मधुमेहजन्य ‘रेटिनोप्याथी’, ‘कोर्निया रोग’, ‘रिफ्र्याक्टिभ सर्जरी’, ‘क्याटर्याक्ट सर्जरी’ परिणामलगायत विषयमा विभिन्न शोधपत्रहरूसमेत प्रकाशन गरिसक्नुभएको छ।

उहाँका नेतृत्वमा अस्पतालले क्लिनिकल सेवा सुदृढीकरण, पहुँच कार्यक्रम विस्तार तथा दुर्गम क्षेत्रमा सेवा विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेको छ। साथै उहाँले कम्बोडियामा समेत आँखा स्वास्थ्य क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउनुभएको छ।

उहाँ भन्नुहुन्छ, “स्वास्थ्य क्षेत्रमा कार्यरत महिला केवल सेवा प्रदत्तमात्र होइनन्, परिवर्तनका संवाहक पनि हुन्। जब महिलालाई सशक्त बनाउँछौँ, राष्ट्र नै सशक्त बन्छ। स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउन सङ्घर्षरत महिलाको शक्ति, धैर्यता र करुणाको सम्मान गर्दछु।”

सन् २०२४ मे १४ देखि सो अस्पतालको ‘चिफ मेडिकल डाइरेक्टर’को जिम्मेवारी सम्हाल्दै आउनुभएका डा गिरीले सन् २००६ मा कलेज अफ मेडिकल साइन्सेस, चितवन (काठमाडौँ विश्वविद्यालय)बाट एमबिबीएस तथा सन् २०१३ मा सोही संस्थाबाट एमडी (नेत्ररोग) उपाधि हासिल गर्नुभएको हो।

सन् २०१५ मा नेपाल नेत्रज्योति सङ्घको सञ्जालअन्तर्गत भरतपुर आँखा अस्पतालमा आबद्ध हुनुभएकी उहाँले क्लिनिकल सेवा, शिक्षण तथा सामुदायिक आँखा स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउनुभएको छ। सन् २०२० मा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स) अन्तर्गत सहायक प्राध्यापक तथा सन् २०२५ मा एसोसिएट प्राध्यापकमा पदोन्नति भई रेजिडेन्ट, फेलो तथा मिड-लेभल नेत्र स्वास्थ्यकर्मीहरूको तालिममा भूमिका निर्वाह गरिरहनुभएको छ।

कोर्निया सेवाको आवश्यकता महसुस गर्दै उहाँले विश्वप्रसिद्ध एलएआइसीओ (अरविन्द आइकेयर सिस्टम)बाट कोर्निया तथा बाह्य नेत्ररोगसम्बन्धी फेलोसिप तालिम लिनुभएको छ। यसपछि तिलगङ्गा आँखा प्रतिष्ठानसँग सहकार्य गरी कोर्नियल टिस्यु सङ्कलन प्रारम्भ गर्नुभएको छ भने भरतपुर आँखा अस्पतालमा पूर्ण विकसित आँखा बैंक स्थापना गरी अहिले यसको नेतृत्व गरिरहनुभएको छ।

**डा रिमा शाह (मेडिकल सुपरिन्टेन्डेन्ट, बर्दिया आँखा अस्पताल)**

डा रिमा शाह युवा नेत्ररोग विशेषज्ञ हुनुहुन्छ। उहाँ २०२५ जुलाई २१ देखि नेपाल नेत्रज्योसित सङ्घ, बर्दिया आँखा अस्पताल, सानोश्री तारातालमा मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा कार्यरत हुनुहुन्छ। उहाँले हालसम्म तीन सय मोतियाबिन्दु शल्यक्रिया, १८० ‘प्टेरिजियम’ शल्यक्रिया तथा ७० साना शल्यक्रिया गरिसक्नुभएको छ भने १२ हजार ५०० भन्दा बढी बिरामीलाई ओपिडी सेवा प्रदान गर्नुभएको छ। उत्साह, समर्पण र गुणस्तरीय सेवाप्रतिको प्रतिबद्धतासहित डा शाहले ग्रामीण क्षेत्रमा आँखा स्वास्थ्य सेवा सुदृढ गर्दै अन्धोपन न्यूनीकरण अभियानमा संलग्न हुनुहुन्छ।

उहाँ भन्नुहुन्छ, “महिलाहरूको प्रगति, सहनशीलता र शक्तिलाई सम्मान गर्न चाहन्छु। नेत्ररोग विशेषज्ञका रूपमा मेरो काम दृष्टिको वरिपरि केन्द्रित छ। तर दृष्टि केवल चिकित्सकीय शब्दमात्र होइन, यो महिलाले दैनिक रूपमा देखाउने दूरदृष्टि, दृढता र सङ्कल्पको प्रतीक पनि हो। आउनुहोस्, जीवनका हरेक क्षेत्रमा समान अवसर प्रवर्द्धन गर्दै एकअर्कालाई सशक्त बनाऔँ।”

सन् २०१८ मा ढाका विश्वविद्यालयअन्तर्गत सहिद सुहरावर्दी मेडिकल कलेज अस्पताल बङ्गलादेशबाट ‘एमबिबीएस’ अध्ययन पूरा गर्नुभएकी डा शाहले सन् २०२४ मा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा ‘एमडी’ उपाधि हासिल गर्नुभएको छ। समुदायस्तरमा सेवा विस्तारमा सक्रिय रहँदै उहाँले बङ्गलादेश र नेपालका ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरमा सेवा पुर्‍याउँदै आउनुभएको छ।

**डा. बेबिका फुयाँल (मेडिकल सुपरिन्टेन्डेन्ट पाल्पा लायन्स लाकौल आँखा अस्पताल)**

डा बेबिका फुयाँल युवा नेत्ररोग विशेषज्ञ हुनुहुन्छ। उहाँले त्रिभुवन विश्वविद्यालय किस्ट मेडिकल कलेजबाट ‘एमबिबीएस’ तथा काठमाडौँ विश्वविद्यालयअन्तर्गत काठमाडौँ मेडिकल कलेजबाट नेत्ररोग विषयमा एमडी उपाधि हासिल गर्नुभएको छ।

हाल उहाँ नेपाल नेत्रज्योति सङ्घ पाल्पा लायन्स लाकौल आँखा अस्पतालमा मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा कार्यरत रहँदै ग्रामीण तथा दुर्गम क्षेत्रमा रोकथाम गर्न सकिने अन्धोपनविरुद्ध सक्रिय रूपमा काम गरिरहनुभएको छ। हालसम्म उहाँले एक हजार ५०० भन्दा बढी मोतियाबिन्दु शल्यक्रिया सम्पन्न गर्नुभएको छ भने सयौँ ‘टेरिजियम’ तथा आकस्मिक शल्यक्रिया गर्नुभएको छ। दैनिक रूपमा करिब १०० भन्दा बढी आँखाका बिरामीलाई ‘ओपिडी’ सेवा प्रदान गर्दै उहाँ पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाका ग्रामीण क्षेत्रमा प्रत्येक महिना दुईतीनवटा शल्यशिविर सञ्चालन तथा समन्वय गरिरहनुभएको छ।

मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा उहाँ अस्पतालको क्लिनिकल सुपरीवेक्षण, प्रशासनिक व्यवस्थापन, गुणस्तर सुनिश्चितता, बिरामी सुरक्षा तथा रणनीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहनुभएको छ। उहाँ समुदायसँग सहकार्य, जनचेतना अभिवृद्धि तथा रोकथाममुखी दृष्टिकोणमार्फत दृष्टिदोष भएका व्यक्तिहरूको जीवनस्तर सुधारमा लागिरहनुभएको छ। उहाँ भन्नुहुन्छ, “ग्रामीण नेपालमा सेवा गर्दै गर्दा म दृष्टिको परिवर्तनकारी शक्तिलाई प्रतिदिन अनुभव गर्छु। विशेषगरी दुर्गम क्षेत्रका महिलाहरूले गुणस्तरीय आँखा सेवा पाउनुपर्छ भन्ने मेरो प्रतिबद्धता हो। महिलाहरूले विभिन्न अवरोधलाई तोड्दै अघि बढौँ, एकअर्कालाई सशक्त बनाऔँ र उज्यालो भविष्य निर्माण गरौँ।”

**मञ्जु कण्डेल, (अस्पताल व्यवस्थापन समिति अध्यक्ष डा विनोद निता कण्डेल आँखा अस्पताल)**

समाजसेवी मञ्जु कण्डेल नेपालमा सामुदायिक आँखा स्वास्थ्य सेवा र अन्धोपन न्यूनीकरण अभियानमा अब्बल महिला नेतृत्वका रूपमा परिचित हुनुहुन्छ। हाल नेपाल नेत्रज्योति सङ्घ केन्द्रीय कार्यसमितिकी सहकोषाध्यक्ष समेत रहनुभएकी उहाँले २०६३ कात्तिक १४ गतेदेखि नेपाल नेत्रज्योति सङ्घ डा विनोद निता कण्डेल आँखा अस्पतालको अस्पताल व्यवस्थापन समितिको अध्यक्षका रूपमा निरन्तर नेतृत्वमा रहँदै संस्थागत सुदृढीकरण, सेवा विस्तार र गुणस्तरीय व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको छ।

उहाँले अन्धोपन न्यूनीकरण, निःशुल्क आँखा शिविर सञ्चालन, समुदाय-केन्द्रित सचेतना कार्यक्रम विस्तार तथा ग्रामीण क्षेत्रमा सेवा पहुँच अभिवृद्धिमा नेतृत्वदायी योगदान पुर्‍याउनुभएको छ। उहाँको कार्यकालमा अस्पताललाई प्राथमिक आँखा उपचार केन्द्रबाट स्तरोन्नति गरी सेकेन्डरी लेभल अस्पतालमा रूपान्तरण गरिएको छ। अध्यक्ष कण्डेल भन्नुहुन्छ, “अस्पतालमा रेटिना सबस्पेशालिटी र फेको प्रविधिबाट शल्यक्रिया सेवा सुरुआत भएको छ।”

उहाँ भन्नुहुन्छ, “सबै महिला र बालिकाका लागि समानता, सम्मान तथा सुरक्षित वातावरण सुनिश्चित गर्दै सशक्त महिलामार्फत स्वस्थ र समृद्ध समाज निर्माणमा अस्पताल व्यवस्थापन समिति तथा सम्पूर्ण अस्पताल परिवार सदैव प्रतिबद्ध रहनेछ।” दूरदृष्टि, प्रतिबद्धता र सेवाभावका साथ नेतृत्व गर्दै उहाँले आँखा स्वास्थ्य क्षेत्रमा महिला नेतृत्वको सशक्त उदाहरण प्रस्तुत गर्नुका साथै अन्धोपन न्यूनीकरण अभियानलाई नयाँ उचाइमा पुर्‍याउन कण्डलले योगदान दिनुभएको छ।

---

# विश्व समाचार

## अमेरिकी सैन्य कारबाहीमा इरानी नौसेनालाई ठूलो क्षति, ४२ जहाज ध्वस्त

वासिङटन, २४ फागुन (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला तीन दिनको अवधिमा अमेरिकी सेनाले इरानका ४२ वटा नौसैनिक जहाज नष्ट गरेको दाबी गर्नुभएको छ। फ्लोरिडा राज्यको डोराल शहरमा आयोजित ‘शील्ड अफ द अमेरिकाज समिट’ कार्यक्रममा पश्चिमी १२ देशका नेताहरूलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनसभएको छ। ट्रम्पका अनुसार हालै गरिएको सैन्य कारबाहीका क्रममा अमेरिकी सेनाले इरानको नौसेनालाई ठूलो क्षति पुऱ्याएको छ। उहाँले इरानको हवाई शक्ति कमजोर पारिएको तथा देशको मुख्य सञ्चार तथा दूरसञ्चार प्रणाली समेत ठप्प पारिएको दाबी गर्नुभयो। ट्रम्पले आफ्नो सम्बोधनमा अमेरिकी कारबाहीपछि इरानको नौसेना प्रभावहीन बनेको छ र सैन्य तथा सञ्चार संरचनामा गम्भीर असर परेको बताउनुभएको छ।

यसअघि फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध ‘ठूलो सैन्य अभियान’ सुरु गरेको बताउनुभएका थिए। उक्त अभियानपछि क्षेत्रीय तनाव तीव्र रूपमा बढेको छ। इरानले त्यसको प्रतिकारस्वरूप मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी र इजरायली लक्ष्यहरूमा लगातार प्रतिआक्रमण गरिरहेको बताइएको छ। अर्ध-सरकारी तस्निम समाचार एजेन्सीका अनुसार पछिल्लो एक साताको अवधिमा इरानी सेनाले करिब ६०० वटा मिसाइल प्रहार गरेको छ भने करिब दुई हजार ६०० वटा ड्रोन प्रयोग गरी आक्रमण गरेको जनाएको छ। ती आक्रमणहरू अमेरिका र इजरायलसँग सम्बन्धित करिब २०० सैन्य तथा रणनीतिक लक्ष्यहरूमा केन्द्रित रहेको बताइएको छ। विश्लेषकहरूका अनुसार अमेरिका, इजरायल र इरानबीच बढ्दो सैन्य गतिविधिले मध्यपूर्व क्षेत्रको सुरक्षा अवस्था झन् संवेदनशील बनाएको छ। पछिल्ला घटनाक्रमले क्षेत्रीय द्वन्द्व थप फैलिने जोखिम बढाएको भन्दै अन्तर्राष्ट्रिय समुदायले परिस्थितिलाई नजिकबाट नियालिरहेको बताइएको छ।

## भेनेजुएलामा आममाफी कानूनपछि राजनीतिक बन्दी रिहा

काराकास, २४ फागुन (रासस/एएफपी)।

भेनेजुएलामा नयाँ आममाफी कानून लागू भएपछि राजधानी काराकासस्थित जेलबाट १७ जना राजनीतिक बन्दी रिहा भएका छन्। पत्रकारहरूले शनिबार उक्त रिहाइको दृश्य प्रत्यक्ष देखेका थिए। गत महिना पारित गरिएको यो ऐतिहासिक कानूनलाई डेल्सी रोड्रिगेजले अघि बढाउनुभएको हो। उहाँ पूर्व राष्ट्रपति निकोलस मादुरो पक्राउ परेपछि सत्ता सम्हाल्दै आएको बताइएको छ। मानवअधिकार संस्था फोरो पेनालका अनुसार, मादुरो पदच्युत भएयता हालसम्म ६२१ भन्दा बढी राजनीतिक बन्दीहरू रिहा भइसकेका छन्। तर, अझै करिब ५०० जना बन्दी जेलमा छन्। बन्दीका परिवारहरूले लामो समयदेखि रिहाइको माग गर्दै आएका थिए। केही महिलाहरूले झन्डै एक हप्ता लामो अनशन गरे भने केही परिवारले जेलको गेटमा साङ्लो लगाएर विरोध प्रदर्शन गर्नुभयो। कतिपयले हप्तौँसम्म टेन्टमा बसेर आन्दोलन गरेका थिए।

रिहा भएका राजनीतिक कार्यकर्ता ओमर टोरेसले स्वतन्त्र भएपछि आफू अत्यन्त खुसी लागेको बताउनुभयो। उहाँले भन्नुभयो“अहिले कसैलाई दोष दिने समय होइन, स्वतन्त्र भएकोमा खुशी छु।” सरकारका अनुसार जेल र परोलमा रहेका गरी ७ हजारभन्दा बढी मानिसलाई स्वतन्त्रता प्रदान गरिएको छ। तर काराकासको जोन ७ जेलबाट छुटेका बन्दीहरूले आफ्नो पूर्ण स्वतन्त्रता सुनिश्चित गर्न अदालतमा उपस्थित हुनुपर्ने छ। पूर्व सांसद फर्नान्डो ओरोस्कोका छोरा ब्रायन ओरोस्कोले बाँकी राजनीतिक बन्दीहरूको रिहाइका लागि प्रयास जारी रहने बताउनुभयो। रिहाइको क्रममा बाहिर ‘स्वतन्त्रता, स्वतन्त्रता’ भन्ने नारासहित खुशी र भावुक दृश्य देखिएको थियो।

## इरान आफ्नो भू-भाग र जनतालाई सुरक्षित राख्नेछ : इरानी राष्ट्रपति

तेहरान, २४ फागुन (रासस/एएफपी)।

इरानी राष्ट्रपति इरानी राष्ट्रपति मसउद पेज़ेश्कियनले आइतबार स्पष्ट रूपमा इरानीहरूले आफ्नो देशको एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न नदिने बताउनुभएको छ। उहाँले यो कुरा तेहरानमा स्वास्थ्यमन्त्री मोहम्मद-रेजा जाफरघन्दीसँगको बैठकमा साझा गर्नुभयो। राष्ट्रपतिका अनुसार, केही शत्रुहरूले उहाँका शनिबारका पूर्व वक्तव्यलाई गलत अर्थमा लिइरहेका छन् र इरान र छिमेकी राष्ट्रबीच भ्रम सिर्जना गर्ने प्रयास गरिरहेका छन्। उहाँले भन्नुभयो,“ इरान सधैं आफ्नो छिमेकी राष्ट्रसँग शान्तिपूर्ण र भाइचारा पूर्ण सम्बन्ध कायम राख्न इच्छुक छ।” पेज़ेश्कियनले थप स्पष्ट पार्नुभयो, “यदि कुनै देशको भूमिबाट इरानमाथि हमला हुन्छ भने, हामी आफ्नो देशको सुरक्षा सुनिश्चित गर्न जवाफ दिन सक्छौं। तर यसको अर्थ यो होइन कि हामी ती देश वा जनतासँग विवादमा छौं। हामी ती प्रिय जनतालाई सम्मान गर्दै, जो क्षेत्रीय तनावबाट प्रभावित छन्, क्षमायाचना व्यक्त गर्दछौं।” “हालको चुनौतीपूर्ण परिस्थितिमा पनि इरानी जनता एकजुट छन् र आफ्नो देशको एक इन्च भू-भाग पनि शत्रुहरूले कब्जा गर्न पाउने छैन।”

फेब्रुअरी २८ मा, इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य शहरहरूमा हमला गर्दा सुप्रीम लिडर आयातोल्लाह अली खमेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र सर्वसाधारणको मृत्यु भएको थियो। त्यसपछि इरानले मध्यपूर्वमा अमेरिकी र इजरायली बेसहरूलाई लक्षित गर्दै बहु-लहरका मिसाइल र ड्रोन हमला गरिरहेको छ। यस द्वन्द्वले न केवल क्षेत्रीय तनाव बढाएको छ, तर तेल उत्पादन र विश्व ऊर्जा बजारमा असरको चिन्ता पनि उत्पन्न गरेको छ। इरानी संसदका सभापति मोहम्मद बघेर गालिबाफले भन्नुभयो,“युद्ध जारी रह्यो भने पश्चिमी एशियामा तेल उत्पादन र निर्यातमा असर पर्न सक्छ।” उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका तेल मूल्यसम्बन्धी टिप्पणीको आलोचना गर्दै भने कि मूल्य वृद्धिले पूर्वानुमान विपरित देखाएको छ। गालिबाफले थप्नुभयो, “यदि द्वन्द्व जारी रह्यो भने केवल अमेरिकी मात्र नभई अन्य देशहरूको तेल उत्पादन र निर्यातमा पनि असर पर्न सक्छ। यसले क्षेत्रीय अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्नेछ।”

# काँग्रेस सभापति थापालाई पराजित गर्दै रास्वपाका सिंह विजयी

**दैनिक समाचारदाता**
**सर्लाही, २४ फागुन ।**

सर्लाही क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली काँग्रेसका सभापति गगनकुमार थापालाई पराजित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार अमरेशकुमार सिंह विजयी भएका छन् ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उनले ३५ हजार ६ सय ८८ मत प्राप्त गरे । उनको निकटतम नेपाली कांग्रेस सभापति थापाले २२ हजार ८ सय ३८ मत पाए । रास्वपाका सिंहले यस क्षेत्रमा मतगणनाको प्रारम्भदेखि नै अग्रता कायम गरेका थिए ।

नेकपा (एमाले) का उम्मेदवार अमनिशकुमार यादवले ९ हजार ३ सय ४३, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार रजनिश राय यादवले १ हजार ४ सय १ र जनमतका उम्मेदवार राकेश मिश्राले १ हजार ५ सय ७२ मत प्राप्त गरेको निर्वाचन अधिकृत विनोदप्रसाद घिमिरेले जानकारी दिए ।

एक लाख २१ हजार १२ जना मतदाता रहेका यस क्षेत्रमा ७७ हजार ९३१ मत खसेको थियो ।

# रौतहट २ मा कांग्रेसका डा आलम निर्वाचित

**दैनिक समाचारदाता**
**रौतहट, २४ फागुन ।**

रौतहट २ मा नेपाली कांग्रेसका डा मो फिरदोश आलम प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् ।

गत आइतबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनले २९ हजार ५ सय २८ मत प्राप्त गरेको निर्वाचन अधिकृत सीताराम खड्काले जानकारी दिए ।

नव निर्वाचित डा आलका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार किरणकुमार साहले १८ हजार ४ सय ४२ मत प्राप्त गरेको निर्वाचन अधिकृत खड्काले बताए ।

सो क्षेत्रको अन्तिम मतपरिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शेख सगिरले ९ हजार ३ सय २५ मत, जनता समाजवादी पार्टी, नेपालका रामअशिष राय यादवले २ हजार ९ सय ६० मत ल्याएर चौथो र नेकपा (एमाले)का उम्मेदवार मोहम्मद अतिउल्लाहले २ हजार ३ सय ८२ मत प्राप्त गरेका छन् ।

उक्त क्षेत्रमा १ लाख ८ हजार ८ सय ७२ मतदाता रहेकामा ७१ हजार ५ सय ४६ जनाले मतदान गरेका थिए । यसमा ६६ हजार १ सय ४४ मत सदर र ५ हजार ४ सय २ मत बदर भएको निर्वाचन अधिकृत खड्काले जानकारी दिए ।

# झापाका पाँचै क्षेत्रमा रास्वपाको 'क्लिन स्वीप'

झापा, २४ फागुन (रासस) ।

बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापाका पाँचै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन् ।

झापा १ बाट रास्वपाकी निशा डाँगी ४५ हजार ६८० मतसहित निर्वाचित हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका केशवराज पाण्डेले १० हजार ५५० मत प्राप्त गर्नुभएको छ ।

झापा २ मा रास्वपाकी इन्दिरा रानामगर ६० हजार ११० मतसहित निर्वाचित हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का देवराज घिमिरेले ११ हजार ३६८ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, झापा ३ बाट रास्वपाका प्रकाश पाठक ३८ हजार ६७४ मत प्राप्त गरी विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्रप्रसाद लिङ्देनले १७ हजार २९४ मत प्राप्त गर्नुभएको छ ।

झापा ४ मा रास्वपाका शम्भुप्रसाद ढकाल ४३ हजार ६३१ मत प्राप्त गरी विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का लालप्रसाद साँवा लिम्बूले ११ हजार ९१६ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, झापा ५ बाट रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह ६८ हजार ३४८ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले १८ हजार ७३४ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

# प्रधानमन्त्रीसमक्ष छानबिन आयोगको प्रतिवेदन पेस

काठमाडौँ, २४ फागुन (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीसमक्ष भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले एक हजार पृष्ठको प्रतिवेदन प्रस्तुत गरेको छ ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य हुनुहुन्थ्यो ।

प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरेपछि आयोगका सदस्य शर्माले करिब २०० जनालाई सोधपुछ गरिएको र विज्ञहरुसँग पनि राय लिएर तयार गरिएको प्रतिवेदनमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको जानकारी दिनुभयो ।

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र बिनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिनुभयो । भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ । न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ। न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ । यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ ।"

आयोगका सदस्य विज्ञानराज शर्माले यो प्रतिवेदन जाँचबुझ मात्र भएकाले अब कारबाही गर्ने निकायले अनुसन्धान गर्नुपर्ने र यसमा अनुसन्धानका लागि आधार तयार गरिदिएको बताउनुभयो ।

अर्का सदस्य विश्वेश्वर भण्डारीले सुशासनका लागि के गर्ने भन्ने विषयमा प्रतिवेदनले उल्लेख गरेका कुरा कार्यान्वयन गर्न सके मुलुकको अवस्था धेरै फेरिन सक्ने बताउनुभयो ।

# जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन हुने

काठमाडौँ, २४ फागुन (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको प्रक्रियामा लगिने बताउनुभएको छ ।

उक्त आयोगको प्रतिवेदन ग्रहण गरेपछि उहाँले त्यसलाई अब आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताउनुभयो ।

प्रधानमन्त्रीले प्रतिवेदन अध्ययन गरी कार्यान्वयको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक पनि गर्ने बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "सार्वजनिक गर्ने कुरामा पनि हामी छलफल गर्छौं यसको विवरण हेरेर पूरै दस्तावेज तत्कालै सार्वजनिक गर्न नसके निचोड मात्र भए पनि सार्वजनिक गर्छौं ।" उहाँले प्रतिवेदनमा यथार्थ वस्तुस्थिति र सत्यतथ्य समावेश भएको विश्वास पनि व्यक्त गर्नुभयो ।

साथै प्रधानमन्त्री कार्कीले आयोगका अध्यक्ष एवं सदस्यहरूले गर्नुभएको मेहनतको सराहना गर्नुभएको छ ।

# निर्वाचन सुशासन कायम गराउन सफल : गृहमन्त्री

काठमाडौँ, २४ फागुन (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन सुशासन कायम भएको बताउनुभएको छ ।

निर्वाचन आयोगको कार्यालय बहादुर भवनमा आइतबार आयोजित निर्वाचन सुरक्षा समीक्षापछि सरकारी सञ्चारमाध्यमसँग प्रतिक्रिया दिनुहुँदै उहाँले राजनीतिक सुशासनको जग निर्वाचन सुशासन भएकाले यसपटकको निर्वाचनमा त्यो सम्भव भएको बताउनुभयो । वर्तमान सरकार फागुन २१ गते निर्वाचन गराउनैका लागि गठन भएकाले स्वच्छ र निष्पक्ष निर्वाचन गराएर कार्यभार सम्पन्न गराउने मार्गमा अघि बढेको जानकारी पनि गृहमन्त्री अर्यालले दिनुभयो ।

"हिंसा नभई निर्वाचन सम्पन्न भएको छ, सुदृढ सुरक्षा व्यवस्थाबीच निर्वाचन गराउने दायित्व सरकारले पूरा गरेको छ, यो निर्वाचनमा अरुका नाममा मतदान पनि भएन, समयमा निर्वाचन गराउन सरकारका सबै अङ्ग समन्वयात्मक रुपमा क्रियाशील भए, गृह मन्त्रालयमा सामूहिक नेतृत्वको अभ्यास गरी निर्वाचन समन्वयात्मक रुपमा सफल भयो, केन्द्र, प्रदेश र वडा तहसम्म समन्वयात्मक एकीकृत सुरक्षा योजना अन्तर्गत काम भयो, नेतृत्वमा विकेन्द्रीकरण गरेर निर्वाचन सम्पन्न भयो", उहाँले भन्नुभयो ।

निर्वाचन कार्यतालिका अनुसार निर्वाचन सम्पन्न गराउन आयोगले नेतृत्वदायी भूमिका खेलेकामा गृहमन्त्री अर्यालले सो अवसरमा धन्यवाद दिनुभयो ।

# धनुषा-१ को निर्वाचन परिणाम घोषणा नगर्ने आयोगको निर्णय

काठमाडौँ, २४ फागुन (रासस) ।

निर्वाचन आयोगले धनुषा-१ को निर्वाचन परिणाम घोषणा नगर्ने निर्णय गरेको छ । आयोगको निर्णयअनुसार आइतबारै धनुषा जिल्ला क्षेत्र नं. १ निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गरिएको शाखा अधिकृत (कानून) अरुण अधिकारीले बताउनुभयो ।

आयोगले यही फागुन १८ गते धनुषा जिल्ला क्षेत्र नं. १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह 'कमल' को उम्मेदवारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएको भन्दै खारेज गर्ने निर्णय गरेको थियो ।

सो निर्णयका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन रहेकाले सो सम्बन्धमा अदालतबाट आदेश नभएसम्म धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १ को पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत परिणाम घोषणा नगर्नु नगराउनुहुन आयोगको आइतबारको निर्णयअनुसार अनुरोध गरिएको उहाँले हस्ताक्षर गर्नुभएको पत्रमा उल्लेख छ ।

सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पत्र तामेल गराई सोको जानकारी आयोगसमक्ष दिन प्रदेश निर्वाचन कार्यालयलाई बोधार्थको पत्र पठाइएको पनि शाखा अधिकृत (कानून) अधिकारीले बताउनुभयो ।


सूचना !
सूचना !!
सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउंदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


# महिला दिवसको अवसरमा अन्तरक्रिया तथा प्यानल छलफल

**दैनिक समाचारदाता**
**राजबिराज, २४ फागुन ।**

राजबिराज जेसीजको आयोजनामा ११६ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा "आजको समयमा महिलाको भूमिका" विषयक अन्तरक्रिया तथा प्यानल छलफल कार्यक्रम आइतबार सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि तथा प्यानल सदस्य मन्जु श्रेष्ठले महिलाको सहभागिता बिना समाजको समग्र विकास सम्भव नहुने बताउँदै महिलालाई शिक्षा, सीप र अवसरको पहुँच सुनिश्चित गर्न आवश्यक रहेको बताइन् । महिलाले आफ्नो अधिकारप्रति सचेत हुँदै नेतृत्वदायी भूमिकामा अघि बढ्नुपर्ने उनको भनाइ थियो ।



अतिथि तथा प्यानल सदस्य अधिवक्ता मनु खनालले महिलाका अधिकार संरक्षणका लागि कानुनी सचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिइन् । पत्रकार अम्बिका दाहालले सञ्चारमाध्यमले महिलाको सकारात्मक योगदान र सफलताका कथालाई प्राथमिकताका साथ उजागर गर्नुपर्ने धारणा व्यक्त गरिन् । अधिकारकर्मी अनिता देवकोटाले समाजमा अझै देखिने लैङ्गिक विभेद अन्त्य गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको बताइन् । राजबिराज जेसीजकी पूर्व अध्यक्ष नानी मैया कटवालले महिलालाई सामाजिक तथा नेतृत्वदायी भूमिकामा सक्रिय हुन प्रेरित गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

राजबिराज जेसीज वर्ष २०२६ का अध्यक्ष जेसी रवी कुमार रायको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जेसी मधु रायले संयोजन तथा कार्यक्रम जेसी रन्जना चौधरीले संचालन गरेकी थिइन् । कार्यक्रममा विभिन्न क्षेत्रका बुद्धिजीवी, पत्रकार, समाजसेवी, विद्यार्थी तथा स्थानीय महिलाको सहभागिता रहेको थियो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*